


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक
दैनिक
eprateekdaily.com



कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७८ वैशाख ३१ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 May 14 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २५५


## वीरगंजको सङ्क्रमण गाउँतिर पस्दै, पूर्व तयारी गर्न चिकित्सकको सुझाव

राधेश्याम पटेल, ३० वैशाख/

कोरोना महामारीको दोस्रो चरणमा हटस्पट बनेको मुलुकको प्रमुख प्रवेशद्वार वीरगंजबाट पछिल्लो समय पर्सा र बाराको ग्रामीण भेगतिर सङ्क्रमण फैलिने सङ्केत देखिएको छ ।


सुनसान अवस्थामा ग्रामीण भेग चिलझ्प्टीको सडक । फोटो : फाइल

चिकित्सकका अनुसार पर्सा र बाराको टाढाका गाउँबाट सयौंको सङ्ख्यामा ज्वरो, रुघाखोकी तथा श्वासप्रश्वाससम्बन्धी समस्या लिएर बिरामीहरू वीरगंज आइरहेका छन् । पर्साको पश्चिमी क्षेत्र जगरनाथपुर गाउँपालिकामा पनि कोरोना सङ्क्रमण समुदायस्तरमा फैलिसकेको पुष्टि भइसकेको छ ।

सो गाउँमा पछिल्लो ११ दिनमा १० जनाको मृत्यु भएपछि जिल्ला कोभिड–१९ सङ्कट व्यवस्थापन केन्द्र र स्वास्थ्य कार्यालय, पर्सा सक्रिया भएको छ । गापाको स्वास्थ्य शाखाले स्वास्थ्य कार्यालय पर्सालाई पत्र लेखेर ज्वरो तथा रुघाखोकी भएका बिरामी पत्ता लगाउन र उपचारको लागि वीरगंजबाट स्वास्थ्यकर्मी माग गरेपछि मङ्गलवार करीब एक दर्जन स्वास्थ्यकर्मी जगरनाथपुर गापा–५ चिलझ्प्टी पुगेको थियो । समूहले तीनवटा टोली बनाएर ज्वरो रुघाखोकीको बिरामीको तथ्याङ्क सङ्कलन गरेपछि एउटै गाउँमा १७८ जना बिरामी भेटिए । सबैलाई नेपाल राष्ट्रिय प्राथमिक विद्यालमा भेला गरी स्वास्थ्य मापदण्ड पालना गरी ११ जनाको एन्टिजेन विधिबाट परीक्षण गर्दा सातजना सङ्क्रमित पुष्टि भएका थिए ।

त्यसपछि २५ जना शङ्कास्पद बिरामीको स्वाब सङ्कलन गरी नारायणी अस्पताल वीरगंजमा ल्याइएकोमा बुधवार परीक्षण गर्दा जम्मा एकजनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । तर गाउँमा सङ्क्रमण पुष्टि भएकोले स्थानीय प्रशासनले उक्त गाउँ सिल गर्न प्रहरी चौकी जानकीटोलालाई निर्देशन दिएको पर्साका प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेले जानकारी गराए ।

"जिल्लाभरि निषेधाज्ञा छ, उक्त गाउँमा बिरामी भेटिएपछि स्थानीय प्रहरी चौकीलाई गाउँमा कसैलाई पस्न र गाउँबाट बाहिर जान निषेध गर्न निर्देशन दिएका छौं"–उनले भने–"गाउँमा हुने विवाह भोज तथा अन्य सामूहिक जमघटले पनि चुनौती थपिएको छ । उनले गाउँमा हुने सबैखाले भीडमाथि निषेध गरिएको र गाउँलेलाई सोबारे सचेत गराइएको बताए ।

आवश्यक खाद्यान्न तोकिएको समयमा निर्धारित मापदण्डबाट पूर्ति गर्न सुझाइएको बताए ।

**ग्रामीण भेगमा सतर्कता अपनाउन चिकित्सकको जोड**

वीरगंजपछि पर्सा–बाराको ग्रामीण भेगमा कोरोना सङ्क्रमण फैलिने सङ्केत देखिएपछि चिकित्सकहरूले उच्च सतर्कता अँगाल्न आग्रह गरेका छन् ।

नारायणी अस्पताल वीरगंजका डा. उदयनारायण सिंहले डेढ साताभित्र वीरगंजमा कोरोना सङ्क्रमण मत्थर हुने र ग्रामीण भेगमा तीव्र गतिमा फैलिने बताएका छन् । उनले अबको दश दिनपछि वीरगंज जोखिम र चुनौतीपूर्ण अवस्थाबाट मुक्त हुने तर यहाँको उच्च सङ्क्रमणको त्रास गाउँ पुग्ने चेतावनी दिए । उनले यसबारे स्थानीय तह र सम्बन्धित निकायलाई सतर्क हुन सुझाव दिएका छन् । सङ्क्रमणको दर उच्च हुन सक्ने भन्दै उनले स्थानीय तहलाई आइसोलेशन, कोभिड अस्थायी अस्पतालको तयारीमा जुट्न आग्रह गरे । तयार नहुने स्थानीय तहले यसको जोखिम बेहोर्नुपर्ने उनले चेतावनी दिएका छन् ।

## आइतवारदेखि वीरगंजका बैंकहरू पनि बन्द हुने

प्रस, वीरगंज, ३० वैशाख/

वीरगंज महानगरपालिकाभित्र सञ्चालित बैंकहरू आइतवारदेखि अत्यावश्यक सेवा दिनेगरी मात्र खुल्ने भएको छ ।



तस्वीर: फाइल

कोरोना सङ्क्रमण समुदायस्तरमा फैलिएको र सेवाग्राहीहरू बैंकमा सहज प्रवेशबाट निषेधाज्ञा पालनामा समस्या हुनाका साथै सङ्क्रमण फैलने जोखिम उच्च भएकोले आइतवारदेखि बैंक बन्द गरी अत्यावश्यक सेवा पहिचान गरी मानवीय सेवा मात्र प्रदान गरिने वीरगंज बैंकर्स समूहका दिवससिंह ठकुरीले बताए ।

उनले राष्ट्र बैंकसँग सल्लाह र सुझाव लिएर इदको कारण बिहीवार सेवा बन्द नगरिएको तर आइतवारदेखि बैंकहरू बन्द गरिने बताए । उनले अत्यावश्यक र मानवीय सेवाका कामहरू सो अवधिमा पनि सीमित कर्मचारी राखेर हुने बताए । सबै बैंकहरूले सटर बन्द गर्ने र अत्यावश्यक काम भएकाहरूले सम्बन्धित बैंकका प्रबन्धकसँग सम्पर्क राखेर औचित्य पुष्टि गरी सेवा लिन सक्ने बताए । आइतवारदेखि एक साता यसैगरी सेवा प्रवाह गरिने उनले बताए । यो अवधिमा एटिएम र विद्युतीय सेवाबाट गरिने बैंकि कारोबार भने पूर्ववत् जारी रहने बताइएको छ ।

पछिल्लो चरणमा सङ्क्रमण समुदायस्तरमा फैलिएपछि त्यसको शिकार बैंकर्सहरू पनि भएका थिए ।

## नारायणी अस्पताललाई २० लाख र भेन्टिलेटर सहयोग

प्रस, वीरगंज, ३० वैशाख/

प्रदेश २ सरकारले नारायणी अस्पताल वीरगंजलाई २० लाख नगद र दुई थान भेन्टिलेटर सहयोग गरेको छ ।



अस्पताललाई भेन्टिलेटर हस्तान्तरण गर्दै मुख्यमन्त्री राउत । तस्वीर: सौजन्य

नारायणी अस्पताल परिसरमा एक कार्यक्रमबीच अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. सञ्जय ठाकुरलाई मुख्यमन्त्री लालबाबूराउत गद्दीले चेक र भेन्टिलेटर सेट हस्तान्तरण गरेका थिए ।

कार्यक्रममा बोल्दै मुख्यमन्त्री गद्दीले प्रदेश २ मा कोरोना महामारी नियन्त्रणको लागि प्रदेश सरकार अग्रसर रहेको दाबी गरे । उनले यो महामारीमा आफू पनि जनताको सेवामा फिल्डमा खट्दै आएको बताए । उनले प्रदेश २ सरकारले ५० हजार भिटिएम र एन्टिजेन खरीद गर्ने निर्णय गरेको र अविलम्ब खरीद प्रक्रिया अगाडि बढ्ने आश्वासन दिए ।

प्रदेश सरकारले हटस्पट बनेको वीरगंजमा अक्सिजनलगायत अति आवश्यक औषधी व्यवस्थापन गर्नको लागि रु २० लाख नगद उपलब्ध गराएको उनले बताए ।

कार्यक्रममा वीरगंज महानगरका नगरप्रमुख विजयकुमार सरावगी, पर्साका प्रमुख जिल्ला अधिकारी पीताम्बर घिमिरे, नारायणी अस्पताल विकास समितिका अध्यक्ष पुरेन्द्रकिशोर लाभलगायतको सहभागिता थियो ।

## वीरगंजमा थप ८ जनाको मृत्यु, ९४ जना सङ्क्रमित थपिए

प्रस, वीरगंज, ३० वैशाख/

वीरगंजको अस्पतालमा बिहीवार पाँचजना सङ्क्रमतिको उपचारको क्रममा मृत्यु भएको छ ।


नारायणी अस्पतालमा बिरामीलाई उपचारका लागि लग्दै कुरुवाहरू । तस्वीर : प्रतीक

नारायणी अस्पतालमा वीरगंज– ५ कुम्हालटोलका ५८ वर्षीय महिलाको आज बिहीवार बिहान डेढ बजे मृत्यु भएको छ । उनी वैशाख २० गते अस्पताल भर्ना भएकी थिइन् र उनमा वैशाख २१ गते पिसिआर पोजेटिभ पुष्टि भएको थियो ।

त्यसैगरी नारायणी अस्पतालमा वीरगंज–२६ सुगौलीबिर्ताकी ४५ वर्षीया महिलाको पनि बिहीवार बिहान साढे ३ बजे मृत्यु भएको छ । नारायणी अस्प्तालका कोभिड संयोजक डा. दासले सुगौलीबिर्ताकी महिला वैशाख १६ गते अस्पताल भर्ना भएकी र सोही दिन एन्टिजेन विधिबाट कोरोना सङ्क्रमण पुष्टि भएको बताए । यसैगरी बिहिवार दिउँसो साढे तीनबजे वीरगंज–१५ लक्षमणवा निवासी ५५ वर्षिया महिलाको नारायणी अस्पतालमा मृत्यु भयो । उनलाई वैशाख २६ गते सङ्क्रमित भएपछि अस्पताल भर्ना गरिएको थियो ।

नारायणी वयोधा अस्पताल गण्डकमा वीरगंज–१० आदर्शनगरका ७८ वर्षीय वृद्धको उपचारको क्रममा मृत्यु भएको छ ।

जिल्ला प्रशासन कार्यालय, पर्साका प्रशासकीय अधिकृत विनयकुमार श्रीवास्तवले बिहीवार बिहान साढे ३ बजे उपचारको क्रममा मृत्यु भएको जानकारी गराएका छन् । वैशाख १६ गते अस्पताल भर्ना भएका निजको सोही दिन एन्टिजेन परीक्षणबाट कोरोना सङ्क्रमण पुष्टि भएको थियो ।

त्यसैगरी वीरगंज–२१ लिपनीबिर्ताका ५६ वर्षीय पुरुषको र बारा, परवानीपुर गाउँपालिका–४ चैनपुरका ५० वर्षीय पुरुषको बिहीवार बिहान क्रमशः सवा दुई बजे बहुअरीस्थित स्पर्श मल्टिस्पेशलिटी अस्पतालमा मृत्यु भएको हो । दुवैजना एक साता अघिदेखि कोरोना सङ्क्रमण पुष्टि भएर तीन दिन अघि मात्र नारायणी अस्प्ताल वीरगंजबाट सो अस्पतालमा रेफर भएर आएका थिए ।

यसैगरी वीरगंज–१ का ६५ वर्षीय पुरुषको बिहीवार बिहान ५ बजे भवानी अस्पतालमा मृत्यु भएको छ । वैशाख २९ गते उनी अस्पताल भर्ना भएका थिए । त्यस्तै सोही अस्पतालमा पोखरिया नपा–१० निवासी ६५ वर्षीय पुरुषको मृत्यु भएको छ । वैशाख २० गते भर्ना उनको आज बिहान ६ बजे मृत्यु भएको हो ।

यसैगरी नेशनल मेडिकल कलेज कोरोना विशेष अस्पताल वीरगंजमा बिहीवार एकजना शङ्कास्पदको मृत्यु भएको छ । बारा जिल्ला कोल्हवी नगरपालिका–३ निवासी ७२ वर्षीय पुरुषको मृत्यु भएको हो । बिहान ४ बजे उनको मृत्यु भएको अस्पताले जनाएको छ । यसैगरी सो अस्पतालमा हिजो पर्साका दुईजना र बाराका एकजना शङ्कास्पद व्यक्तिको मृत्यु भएको अस्पतालका डा. ओमप्रकाश कुशवाहाले बताए ।

सङ्क्रमणबाट मृत्यु भएकाहरूमा निमोनियाको कारण देखिएको र उनीहरूको दुवै फोक्सो काम गर्न नसकेर श्वासप्रश्वासको समस्या प्रमुख कारक देखिएको चिकित्सकले बताएका छन ।

### ९४ सङ्क्रमित थप

नारायणी अस्पताल, वीरगंजको पिसिआर प्रयोगशालाले बिहीवार ९४ जना सङ्क्रमित पुष्टि गरेको छ । १९२ जनाको बुधवार स्वाब सङ्कलन गरी पिसिआर गर्दा ९३ जना र एकजना एन्टिजेनबाट गरेर ९४ जनामा सङ्क्रमण पुष्टि भएको हो । सङ्क्रमित पुष्टि भएकामा पर्साका ६९ जना, बाराका १८ जना, रौतहटका ६ जना र सर्लाहीका १ जना गरी कुल ९४ जना छन् ।

सङ्क्रमितमध्ये ३० जना महिला र ६४ जना पुरुष छन् र उनीहरूको उमेर १२ वर्षदेखि ८८ वर्ष रहेको छ भने सिटी भ्याल्यु १३.९ देखि ३३.७ सम्म छ ।

## विचारसार र सूक्तिहरू

**भोजन एक्लै नगरौं, धन कमाउने विचार गर्दा कसैलाई साझेदार बनाऔं। एक्लै यात्रा नगरौं। सुत्ने ठाउँमा एक्लै जागरण नगरौं। –भीष्म**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


## हाहाकार छ

**कोरोनाले अहिले हाहाकार मचाएको छ। कुनै एक क्षेत्र होइन, सबै क्षेत्रमा। निषेधाज्ञाले घरमा बस्न विवश मानिसमा रोजीरोटीको चिन्ता, जसलाई पुगिसरी आएको छ उसलाई उद्योग–व्यापारको चिन्ता, बिरामीलाई उपचार नपाएको चिन्ता, आफन्तलाई आँखा अगाडि आफ्ना प्रियजनले भोग्नुपरिरहेको पीडाको चिन्ता, अस्पतालहरूमा चिकित्सक, आवश्यक उपकरण नभएको चिन्ता, राजधानीजस्तो ठाउँका अति सम्पन्न र डिलक्स होटलजस्तो सुविधा दिएर नाफाको असीम सम्भावना बनाएकालाई अक्सिजन नपाउँदाको चिन्ता। चिन्तैचिन्ता छ, सर्वत्र। किनकि हामी एकपक्षीय सोच भएका मानिस हौं। कुनै पनि समस्याको एउटा पक्ष, जुन सामुन्ने छ, जुन प्रत्यक्ष छ, त्यसबारे मात्र सोच्छौं। यस्तोमा साधनहीनता चरममा छ। एउटा सामान्य बिरामीबाट हजारौं, लाखौं कमाउने फाइभस्टार अस्पतालहरूले के अक्सिजन प्लान्ट राख्न सक्दैनन् र अक्सिजनको अभावमा अस्पताल बन्द गर्ने धम्की दिन्छन्। बन्द होइन, आफ्नो महत्त्व दर्शाउन रोगी भर्ना नगर्ने चेतावनी दिन्छन्। अस्पताल त चालू नै छ, अक्सिजन छैन, जबकि हाहाकार मचाएको कोभिड–१९ सङ्क्रमितका लागि पहिलो आवश्यकता नै अक्सिजन हो।**

**यो शृङ्खला यहीं समाप्त हुनेवाला छैन। दोस्रो लहरको कोरोनाले मानिस र सरकारहरूलाई आजित पारिसकेको छ, जबकि तेस्रो लहर पनि कोरोना आउने स्वास्थ्यविज्ञहरूले घोषणा गरिसकेका छन्। त्यसको मारक क्षमता झन् कति होला, अहिले नै अनुमान लगाउन सकिन्न। यस्तोमा यस महामारीसँग जुझ्न हामीले जाबो अक्सिजनमात्र होइन, अक्सिजन सिलिन्डरको पनि अभाव खेपिरहेका छौं। देशमा थुप्रै फलाम कारखानाहरू छन्, ग्याँस सिलिन्डर बनाउने नै कैयौं कारखाना छन्। तिनलाई सिलिन्डर बनाउने काममा अघि सर्न कसले रोकेको छ? कि उनीहरूको लगानी अनुसार नाफा हुँदैन भन्ने चिन्ता छ? यस्तो हो भने सरकारले अनुदान दिएर भए पनि किन उत्पादन गराउन सक्दैन? प्रश्न थुप्रै छन्, तर जवाफ दिने कोही छैन। जवाफ दिने कोही नभएको होइन, जवाफ दिने मनसाय नराखेको हो। जवाफ दिनुको अर्थ हो, काम गर्नु, र काम कोही गर्न चाहँदैन। देशमा थुप्रै औषधि निर्माताहरू छन्, अकूत धन कमाएका छन्, तिनले कोभिड १९ विरुद्ध खोप बनाउन किन पाइला सार्दैनन्? ठूलो लगानी लगाएर खोप बनाउन थालेपछि कहीं महामारी नै हराउने हो कि?**

**नाफा प्रमुख छ। केही सामाजिक संस्थाहरू छन्– सरकारी, गैरसरकारी, जसले आफ्नो क्षमता अनुसार यस्तो घडीमा मानवीय सेवा पुर्‍याइरहेका छन्। सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, सफाइकर्मी, सञ्चारकर्मी जो सबै आतङ्क र स्वास्थ्य असुरक्षाबीच काम गरिरहेका छन्। तर तिनको एउटा सीमा छ, तिनले वर्तमान सङ्कट व्यवस्थापनमा सहयोग पुर्‍याउने मात्र हो। मूल काम त उपचार, उपचारका उपकरण र औषधि हो। यस्तो बेला पनि भएका उपकरणहरू बिग्रनु, उपयोग हुन सकेर खिया पर्नुलाई यस देशका नागरिकको दुर्भाग्य नै भन्नुपर्छ। तर निराश हुनुपर्नेजस्तो केही छैन। हो केही नागरिकको मृत्यु भएको छ, धेरैजना जीवनमरणको दोसाँधमा छन्, तर धैर्य र संयम राखेर स्वास्थ्य मापदण्डको पालना मात्र गर्न नागरिक तम्सिने हो भने कोरोनाको सङ्कट सहज टरेर जानेछ। यी सब काम गर्ने सरकार हो, तर सरकार चलाउनेहरू निपट स्वार्थ र सत्ताखेलमा तल्लीन छन्।**

# के धर्म र गरीबीबीच सम्बन्ध छ ?

अर्थविशेष




विश्वराज अधिकारी
akoutilya@gmail.com


**धर्म र गरीबी बीच घनिष्ठ सम्बन्ध छ। धर्ममा उदारता भयो भने कुनै पनि मुलुकले तीव्र गतिमा आर्थिक विकास गर्छ। धर्मान्धता भएको मुलुकमा आर्थिक विकासको गति अवरुद्ध हुन्छ। नागरिक झन्झन् गरीब भएर जान्छ, अफगानिस्तानजस्तो।**

मानव स्वास्थ्य विश्वभरि अहिले नाजुक अवस्थामा रहेको छ। कोराना सङ्क्रमणले दक्षिण एशियालाई ताण्डव गर्ने मूल थलो नै बनाएको छ। नेपालमा त कोरोना झन् महासङ्कट भएर उपस्थित भएको छ। गरीबी र साधन–विपन्नताले ग्रसित नेपालको जनस्वास्थ्य कोरोना कहरबाट कुन अवस्थमा पुग्ने हो भन्न सक्ने स्थिति छैन। स्वास्थ्य, सामाजिक, आर्थिक सबै क्षेत्रमा कोरोनाले गर्दा अहिले त्रासयुक्त अनिश्चितता देखिएको छ। यस्तो समयमा केवल कोरोना नियन्त्रणबारे चर्चा गर्नु उपयुक्त देखिन्छ र गर्नुपर्छ पनि।

केवल कोरोनाको मात्र चर्चा गर्दा समाजमा झनै मनोवैज्ञानिक त्रास बढ्ने र कोरोनालाई पराजित गर्ने हाम्रो मनोविज्ञान अति कमजोर भएर जाने हुनाले कोरोना सङ्क्रमणसँग लड्न हामीले हाम्रो मनोविज्ञान सबल राख्न आवश्यक छ। त्यसकारण हामीले हाम्रो मनलाई अन्य विषयतर्फ लगाउनु आवश्यक छ। हामीले आफ्नो मनलाई अन्य विषयमा पनि केन्द्रित गर्न आवश्यक छ। यो विपत्को घडीमा हामीले हाम्रो मनोविज्ञान उच्च र बलियो नराखेमा कोरोना कहरले झनै दुःख दिनेछ।

कोराना महामारी सङ्कटलाई मनको एउटा कुनामा राखेर अहिले हाम्रो मनोविज्ञान सबल राख्न अन्य विषयबारे हामी कुरा गरौं। आउनुहोस् यस आलेखमा धर्म र गरीबीबीच सम्वन्ध छ कि छैन, चर्चा गरौं।

धर्मको सम्बन्ध केवल भावनासँग छ। धर्मले मानिसलाई सन्तोषपूर्ण जीवन बाँच्ने ज्ञान दिन्छ। धर्म र गरीबीबीच टाढासम्मको साइनो छैन। यस्तो भन्नेहरूको सङ्ख्या ठूलो छ। तर के यस्तो भन्नेहरूको भनाइ सही छ? मेरो विचारमा सही छैन। विभिन्न किसिमका अध्ययन एवं अनुसन्धानहरूले गरीबी र धर्मबीच गहिरो सम्बन्ध रहेको र धर्मान्धताले त गरीबहरूलाई झनै गरीब बनाएको देखाएको छ।

धर्मान्धताले धनी राष्ट्रलाई क्रमिक रूपमा गरीब पार्दै लगेको ताजा र बलियो उदाहरणको रूपमा पाकिस्तान र इरानलाई लिन सकिन्छ। धर्मान्धताले गरीब राष्ट्रलाई झनै गरीब पारेको ज्वलन्त उदाहरण अफगानिस्तानमा पनि देख्न सकिन्छ।

अफगानिसन्तानका कट्टर धार्मिक सङ्गठनहरू (तालिबान, अलकाइदा आदि) ले महिला शिक्षाको घोर विरोध गर्छन्। त्यस सङ्गठनका व्यक्तिहरू, आफू स्वयं खोप नलिने मात्र होइन, खोप लिन खोज्ने अन्यलाई समेत खोप लिन दिंदैनन्। महिलाहरूलाई शिक्षाबाट वञ्चित गर्न, स्कूल जान नदिन ती कट्टर धार्मिक सङ्गठनहरूले डरलाग्दा, हिंसक एवं अमानवीय कार्य गर्छन्। अस्ति (मे ८, २०२१) मात्र कुनै एक कट्टर धार्मिक सङ्गठनले छात्राहरूलाई लक्षित गरेर काबुलस्थित एउटा विद्यालयमा कार बम विस्फोट गराउँदा ८५ जनाको ज्यान गएको थियो भने लगभग दुई सय व्यक्ति घाइते भएका थिए। यो बम विस्फोटको लागि आफू जिम्मेवार नभएको भन्दै तालिबानले वक्तव्य जारी गरे तापनि यो कार्य उक्त सङ्गठनले नै गरेको धेरैले विश्वास गरेका छन्।

स्कूल, कलेज, कार्यालय एवं बजारतर्फ जाने महिलाहरूलाई लक्षित गरेर अफगानिस्तानका कट्टर धार्मिक सङ्गठन र खासगरी तालबानीहरूले विभिन्न किसिमका हिंसक कार्यहरू (बम विस्फोट, गोली प्रहार, हतियार प्रहार) गर्नु अहिले अफगानिस्तानमा सामान्य भएको छ। अफगानिस्तानमा रहेका आफ्ना सेनाका जवानहरू अमेरिका फर्काउने घोषणा बाइडेन– प्रशासनले केही हप्ता पूर्व गरेदेखि अफगानिस्तानमा कट्टर धार्मिक सङ्गठनहरूले हिंसाको घटनामा झनै वृद्धि गर्दै लगेका छन्। त्यहाँको जनजीवनलाई झनै भयभीत पारेका छन्। जुन देशमा जति हिंसक घटना हुन्छ, त्यस देशमा त्यही गतिमा आर्थिक विकासको गति सुस्त हुन पुग्छ। अफगानिस्तानमा अहिले विदेशी आर्थिक सहयोग नजाने हो भने त्यो राष्ट्रलाई एक राष्ट्रको रूपमा रहिरहन पनि गाह्रो हुन आउँछ। धर्मान्धताले गर्दा भएका अनेक हिंसक घटनाहरूले प्रतिकूल प्रभाव परेर अफगानिस्तानको राष्ट्रिय उत्पादन घट्दै गएको छ।

महिलाहरूलाई शिक्षाबाट वञ्चित पार्दै उनीहरूलाई घरभित्र नै रहन बाध्य पार्ने, नागरिकको स्वतन्त्र रहन पाउने अधिकार कुण्ठित पारेर आफूहरूले भनेको धर्म मान्न र त्यसै अनुसार चल्न बाध्य पारेर अफगानिस्तानका कट्टर धार्मिक सङ्गठनहरूले यो मुलुकलाई झनै गरीब पार्दै लगेका छन्।

एउटै समयमा अङ्ग्रेजी शासनबाट मुक्त भएका दुई राष्ट्र- भारत र पाकिस्तानको आर्थिक स्थितिको अध्ययन गर्दा पनि कट्टर वा धर्मान्धताले मुलुकलाई गरीब पार्न के कस्तो भूमिका खेल्छ भन्ने कुराको पुष्टि हुन्छ। भारतमा धार्मिक स्वतन्त्रता (अति हिन्दूवादी मोदी–राजलाई छाडेर कुरा गर्ने हो भने) भएको र विभिन्न धर्म मान्ने व्यक्ति मिलेर बस्न पाएकाले र राष्ट्र बहुधार्मिक भएकोले भारतले चमत्कारी किसिमले आर्थिक प्रगतिमात्र गरेको छैन, भविष्यमा विश्वको तेस्रो आर्थिक महाशक्ति बन्ने क्रममा छ। अर्कोतिर पाकिस्तानमा बहुधार्मिक वातावरण नरहेको, इस्लामबाहेक अन्य धर्म मान्ने व्यक्तिमाथि निगरानी राखिएको र अन्य धर्म मान्नेहरूलाई पाकिस्तानमा ढुक्क भएर बस्ने स्थिति नरहेकोले पाकिस्तानले सन्तोषजनक आर्थिक प्रगति गर्न सकेको छैन। भारतसँग पाकिस्तानको तुलना गर्ने हो भने, आर्थिक विकासको क्षेत्रमा पाकिस्तान भारतभन्दा निकै पछाडि रहेको छर्लङ्ग हुन्छ। गैरइस्लाम पाकिस्तानमा सुरक्षित बस्न सक्ने स्थिति छैन र यो कारणले गर्दा ठूला–ठूला विदेशी कम्पनीहरूले पाकिस्तानमा लगानी गरेका छैनन्। तर त्यस्ता कम्पनीहरूले भारतमा भने ठूलो लगानी गरेका छन्।

संसारभरिमा इरान मात्र एउटा यस्तो देश हुनपर्छ जुन देशका प्रमुख व्यक्ति धार्मिक छन्। इरानका प्रमुख प्रशासक अली खुमेनी हुन्। उनी एक धार्मिक व्यक्ति हुन्, जन निवार्चित व्यक्ति होइनन्। इरान आफूलाई एउटा खास धर्मको राष्ट्र मान्दछ। आफूलाई इस्लामिक राष्ट्र (Islamic Republic of Iran) भन्दछ। इरान बहुधार्मिक राष्ट्र होइन। इरानमा ९९.४ प्रतिशत इस्लाम धर्मावलम्बी छन्। तर इरानको छेउकै राष्ट्र, कतारमा विभिन्न धर्म मान्नेहरूको बसोवास छ। आर्थिक विकासको हिसाबले कतार इरानभन्दा निकै अगाडि छ। कतारले दोहास्थित अन्तर्राष्ट्रिय विमानस्थललाई 'इन्टरनेशनल हब' मा रूपान्तरित गर्दैछ। एशियाबाट बहुसङ्ख्यक व्यक्ति रोजगारको लगि कतार गएको पाइन्छ भने इरानमा त्यस्तो स्थिति छैन। अर्को एक उदाहरणको रूपमा युनाइटेड अरब इमिरेट्स (शारजाह, अबु धाबी, दुबई आदि) लाई लिन सकिन्छ। यी देशमा गैरइस्लाम धर्माबलम्बीहरूको ठूलो सङ्ख्यामा बसोवास छ। यो कारणले पनि यो देश आर्थिक विकासको मामिलामा धेरै अगाडि छ। धार्मिक कट्टरताले गर्दा इरानलाई आर्थिक प्रगति गर्न कठिन भएको छ।

धार्मिक कट्टरता र धर्मान्धताले कुनै राष्ट्रको आर्थिक विकास हुन नदिएको उदाहरण अनेक छन्। उल्टो बहुधार्मिक राष्ट्रहरूले तीव्र गतिमा आर्थिक विकास गरेको, आर्थिक महाशक्ति हुन पुगेको अनेक उदाहरण छन्। युरोपका देशहरूले तीव्र गतिमा आर्थिक प्रगति गर्नुको मूल कारण ती राष्ट्रहरूमा धर्मान्धता छैन। ती देशमा धार्मिक उदारता छ।

बहुधार्मिक राष्ट्र भएको र विभिन्न जातजातिका व्यक्तिहरूको बसोवास रहेकोले अमेरिका अहिले विश्वको नै नम्बर एक आर्थिक महाशक्ति हुन पुगेको छ। अमेरिकाका हरेक राज्यमा ठूलो सङ्ख्यामा मन्दिर, मस्जिद, गुरुद्वारा निर्माण भएको देख्न सकिन्छ। अमेरिकाको संवैधानिक व्यवस्थाले भन्छ अमेरिकामा भएको कुनै पनि व्यक्तिले आफ्नो विश्वास अनुसार धर्म मान्ने वा धर्म नमान्ने अधिकार राख्दछ (The First Amendment to the U.S. Constitution says that everyone in the United States has the right to practice his or her own religion, or no religion at all)। धर्मलाई केन्द्रमा राखेर अमेरिकामा हिंसक घटना भएको पाइँदैन। तर अफ्रिकामा धर्मलाई केन्द्रमा राखेर नै हिंसक घटनाहरू भएका छन्। ठूला–ठूला नरसंहार भएका छन्। यो कारणले गर्दा पनि अफ्रिकाका अनेक मुलुक ज्यादै गरीब छन्।

धर्मलाई केन्द्रमा राखेर वा धार्मिक कारणले गर्दा नै भारत र पाकिस्तान विभाजित भएका थिए।

निष्कर्षमा भन्ने हो भने धर्म र गरीबी बीच घनिष्ठ सम्बन्ध छ। धर्ममा उदारता भयो भने कुनै पनि मुलुकले तीव्र गतिमा आर्थिक विकास गर्छ। धर्मान्धता भएको मुलुकमा आर्थिक विकासको गति अवरुद्ध हुन्छ। नागरिक झन्झन् गरीब भएर जान्छ, अफगानिस्तानजस्तो।

# विवाद मिलाउन अध्यक्ष ओली र नेता नेपालबीच भेटवार्ता

काठमाडौं, ३० वैशाख/रासस

नेकपा (एमाले) को आन्तरिक विवाद मिलाउन अध्यक्ष केपीशर्मा ओली र वरिष्ठ नेता माधवकुमार नेपालबीच बिहीवार भेटवार्ता भएको छ।

आजै सम्पन्न एमालेको स्थायी कमिटीको बैठकले नेपालसहित चार नेतालाई यस अघि गरेको निलम्बनको कारबाई फिर्ता लिने निर्णय गरेपछि शीर्ष तहमा संवादको वातावरण बनेको हो।

असन्तुष्ट नेपाल पक्षले पार्टीलाई नवौं महाधिवेशनपछिको साङ्गठनिक संरचनाका आधारमा सञ्चालन गर्नुपर्ने अडान राख्दै आएको छ।

भेटवार्ता बूढानीलकण्ठस्थित एक निजी घरमा भएको प्रधानमन्त्री ओलीको सचिवालयले जनाएको छ। शीर्ष तहको भेटवार्ताले एकता जोगिने आशा पलाएको नेताहरूले सामाजिक सञ्जालमा प्रतिक्रिया दिएका छन्।

नयाँ सरकार गठन र पार्टीभित्रको विवाद व्यवस्थापनलगायत विषयमा छलफल गरी स्थायी कमिटीले निकासका लागि उपयुक्त निर्णय लिन अध्यक्ष



अध्यक्ष केपी शर्मा ओली र वरिष्ठ नेता माधवकुमार नेपालबीच बिहीवार भएको भेटवार्ता। तस्वीरः रासस

ओलीलाई अधिकार प्रत्यायोजन गरेको थियो। यही वैशाख २७ गते प्रतिनिधिसभाको विशेष अधिवेशनमा प्रधानमन्त्री एवं सो पार्टीका अध्यक्ष केपी शर्मा ओलीका पक्षमा विश्वासको मत नपुगेपछि दुई वा दुईभन्दा बढी दलको समर्थनमा नयाँ सरकार गठनका लागि राष्ट्रपतिले आज राति ९ बजेसम्मका लागि समय दिएकी छन्।

नेपालसहितका २८ सांसद वैशाख २७ गतेको उक्त बैठकमा अनुपस्थित भएपछि विवाद नयाँ मोडमा पुगेको थियो।

नयाँ सरकार गठनमा विपक्षी गठबन्धनलाई मत सहयोग पुग्नेगरी नेपाल पक्षका सांसदले राजीनामा दिने तयारीसमेत गरिरहेकोमा नेताहरूको संवादसँगै अब उक्त पहल नहुने देखिएको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार



हमास–इजरायली सेनाबीच जारी सङ्घर्षको क्रममा इजरायलले गाजा शहरका मध्यमा गरेको हवाई आक्रमणबाट उठेको घनीभूत धूवाँ । फोटो : सिन्हवा

## अस्ट्रेलिया र मोडर्नाबीच दुई करोड ५० लाख डोज खोपमा सहमति

क्यानबेरा, ३० वैशाख/एपी

अस्ट्रेलियाले आफ्ना सबै वयस्क नागरिकलाई खोप लगाउने गरी अमेरिकी औषधि निर्माता कम्पनी मोडर्नासँग कोभिड–१९ विरुद्ध दुई करोड ५० लाख खोप किन्न सम्झौता गरेको छ ।

सम्झौतामा पहिलो चरणमा यही सन् २०२१ भित्र मोडर्नाले एक करोड डोज खोप आपूर्ति गर्नेछ भने अर्को वर्ष सन् २०२२ मा एक करोड ५० लाख डोज आपूर्ति गरिने उल्लेख छ ।

अस्ट्रेलियाको औषधि नियामक निकाय (टिजिए) ले मोडर्नाका खोपलाई स्वीकृत गरिसकेको छैन । हालसम्म अस्ट्राजेनिका र फाइजरका खोपलाई मात्र टिजिएले मान्यता दिएको छ । यी तीनै किसिमका खोप दुई डोज लगाउनुपर्दछ ।

प्रधानमन्त्री स्कट मोरिसनले मोडर्नाको एक करोड डोज खोप यसै वर्षको अक्टोबरदेखि डिसेम्बरभित्र अस्ट्रेलिया आइपुग्ने विश्वास व्यक्त गरेका छन् । उनले अरू डेढ करोड डोज खोप भने भविष्यमा आइपर्ने सङ्कटका बेलाका लागि हो भने ।

"कोरोना भाइरस तत्कालै हामीबाट बिदा हुने सम्भावना देखिएन । त्यसैले भविष्यलाई पनि हेरेर तयारी गर्नुपर्ने अवस्था छ"– प्रधानमन्त्री मोरिसनले भने ।

मोडर्नाले आफ्नो खोप अस्ट्रेलियामैं उत्पादन गर्नेबारे पनि अस्ट्रेलिया सरकारसँग छलफल गरिरहेको छ । अस्ट्रेलियाका विज्ञान तथा औद्योगिक प्रविधि सल्लाहकार समूहका अध्यक्ष ब्रेन्डन मर्फीले मोडर्नासँग छलफल सकारात्मक भए अर्को वर्षभित्रै अस्ट्रेलियामा मोडर्नाका खोपहरू उत्पादन हुन सक्ने बताए ।

अस्ट्राजेनिका खोप भने अस्ट्रेलियामा उत्पादन हुन थालिसकेको छ । मोडर्नाका दुवै खोप तीन साताभित्रै लगाउन सकिने अवस्था छ भने अस्ट्राजेनिकाको दोस्रो डोज तीन महीना कुर्नुपर्नेछ । फाइजरको खोप पनि तीन साताभित्रै लगाउन सकिन्छ ।

मोडर्नाको खोपका कारण अस्ट्रेलियाका सबै वयस्क नागरिकले यसै वर्षको अन्त्यसम्म खोप पाइसक्नेछन् ।

अस्ट्रेलियाले यस अघि नै फाइजरबाट दुई करोड डोज खोप लिन सम्झौता गरिसकेको छ । यो खोप ५० वर्षभन्दा कम उमेरका व्यक्तिको रोजाइको खोप हो किनभने यो उमेरभन्दा कम भएका व्यक्तिमा अस्ट्राजेनिका खोप लगाउँदा रगत जम्ने समस्या देखिएको थियो ।

सरकारले अस्ट्राजेनिकाको ३८ लाख डोज खोप आयात गर्ने तथा पाँच करोड डोज अस्ट्रेलियामैं उत्पादन गर्ने सम्झौता गरेको छ ।

तर अहिले अस्ट्रेलिया सरकारले ५० वर्षभन्दा मुनिका व्यक्तिलाई मोडर्नाको खोप दिने तयारी गरेको छ ।

अस्ट्रेलियाले नोभाभाक्ससँग पनि पाँच करोड १० लाख डोज खोप खरीद गर्न सम्झौता गरेको र त्यो यसै वर्ष आपूर्ति हुने स्वास्थ्यमन्त्री ग्रेग हन्टले बताए ।

उनले अस्ट्रेलियासँग बढी हुने खोप अन्य मुलुकलाई अनुदानमा उपलब्ध गराउने योजना बनाइएको जानकारी दिए ।

अस्ट्रेलियामा गत फरवरीदेखि खोप अभियान शुरू भएको थियो । सरकारले मार्च अन्त्यसम्म ४० लाख खोप लगाउने योजना बनाएको थियो । तर खोप आपूर्तिमा भएको ढिलाइका कारण २८ लाख डोज मात्र लगाइएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

अस्ट्रेलियाले कोरोना भाइरस नियन्त्रणमा तुलनात्मकरूपमा राम्रो सफलता प्राप्त गरेको छ । कोभिड–१९ बाट हालसम्म ९१० जनाको मात्र ज्यान गएको छ । यदि पर्याप्त सावधानी नअँगालेको भए अस्ट्रेलियामा ३० हजारभन्दा बढीको ज्यान जाने सरकारको दाबी छ । रासस




तस्वीरः रायटर्स

## यस कारण भइरहेको छ हावाहुरी र चट्याङसहितको वर्षा

काठमाडौं, ३० वैशाख/रासस

यसपालिको मनसुन अवधिमा सरदरभन्दा बढी पानी पर्ने आकलन गरिए पनि हालको प्रि–मनसुनमा राम्ररी पानी नपर्दा खडेरी भयो । वर्षाको अभावले डढेलो फैलिंदा जनजीवन नै प्रभावित बनाएको थियो । कतिपय जङ्गलमा लागेको डढेलो हेलिकोप्टरबाट पानी लगेर निभाउनुपरेको थियो तर पछिल्ला केही सातादेखि भने मुलुकका अधिकांश भेगमा वर्षा भइरहेको छ । त्यसले डढेलोसमेत नियन्त्रणमा आएको छ ।

ठाउँठाउँमा असिना, हावाहुरी र चट्याङसहितको पानी परिरहँदा केही स्थानमा क्षतिसमेत पुगेको छ । लामो समयदेखि आकाशे पानीको अभाव भइरहेको अवस्थामा परेको अहिलेको वर्षाले कृषि क्षेत्रलाई भने केही फाइदा भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेल बताउँछन् । उनका अनुसार चट्याङले भने मानवीय क्षतिसमेत गराइरहेको छ। यही वैशाखमा मात्रै चट्याङ लागेर २१ जनाको मृत्यु भएको छ ।

काठमाडौं उपत्यकामा पनि गए राति र आज बिहान पानी परेको थियो। यो क्रम केही दिनदेखि जारी छ। रातिको भन्दा अहिले पानी पार्ने मौसम प्रणाली केही कमजोर रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ। दिउँसो अर्को प्रणाली विकास भएर पुनः पानी पर्ने सम्भावना कायमै रहेको मौसमविद्को भनाइ छ ।

हाल नेपालमा बङ्गालको खाडीबाट प्रवाह हुने जलवाष्पयुक्त हावाको प्रभाव छ। यस्तै सुदूरपश्चिममा विकास भएको पश्चिमी न्यून चापीय प्रणाली र दक्षिण–पूर्व भूभाग नजीक रहेको पूर्व–पश्चिम फैलिएको न्यून चापीय रेखाका कारण नेपालमा पानी परिरहेको हो । उक्त प्रणाली पूर्वसम्म पुगेकोले अधिकांश भूभागमा सामान्य बदली रही गण्डकी तथा वाग्मती प्रदेशका केही र बाँकी प्रदेशका थोरै स्थानमा मेघगर्जन तथा चट्याङसहित हल्कादेखि मध्यम वर्षा भइरहेको छ ।

आज बिहान पानी परेर केहीबेर रोकिए पनि दिउँसो फेरि नयाँ प्रणालीको विकास भई ठाउँठाउँमा वर्षा हुने जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाका मौसमविद् मञ्जु वासीले जानकारी दिए । आज देशभर सामान्य बदली रहने छ । देशका केही स्थानमा मेघगर्जन तथा चट्याङसहित हल्कादेखि मध्यम वर्षा हुनेछ। सुदूरपश्चिम र लुम्बिनी प्रदेशका एक–दुई स्थानमा केही बढी वर्षाको सम्भावना रहेको उनले जानकारी दिए ।

राति भने प्रदेश नं १ सहित देशका पहाडी भूभागमा सामान्य बदली र बाँकी भूभागमा आंशिक बदली हुनेछ । सुदूरपश्चिम प्रदेश र लुम्बिनी प्रदेशका एक–दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको छ। शुक्रवार पनि प्रदेश नं १ र अन्य पहाडी भूभागमा बदली भई केही भागमा पानी पर्नेछ। शनिवारदेखि भने यो प्रणाली हराएर केही खुल्ने भए पनि पुनः अर्को प्रणाली आउन सक्ने मौसमविद् वासीले जानकारी दिए। सुदूरपश्चिम र लुम्बिनी प्रदेशका एक–दुई स्थानमा भारी वर्षाको समेत सम्भावना रहेको जनाइएको छ ।



केही सातादेखि भइरहेको वर्षाले पर्साको ठोरी जलमग्न अवस्थामा। तस्वीरः प्रतीक

जल तथा मौसम विज्ञान विभागले यसपालिको मनसुनको समयमा मुलुकका धेरैजसो भूभागमा सरदरभन्दा बढी वर्षा हुने आकलन गरिसकेको छ । गत वर्ष सरदर पानी पर्ने भनिए पनि वर्षाका कारण ठूलो जनधनको क्षति पुगेको थियो । यसपालि भने सददरभन्दा बढी पानी पर्ने आकलन गरिएकोले मनसुनका बेला विशेष सावधान रहन पोखरेल जोड दिन्छन् । गत वर्ष पहिरो गएको क्षेत्र र भूकम्पले जोखिम बनाएको क्षेत्र बढी जोखिममा छ । त्यस्ता ठाउँमा सानो पानी पर्दैमा बाढी पहिरोको सम्भावना अधिक हुने भएकोले मनसुनमा बढी सावधान रहनुपर्ने वरिष्ठ मौसमविद् वरुण पौडेल बताउँछन् ।

हुन त अहिले मनसुन शुरू भएको छैन । मनसुन शुरूपछिको अवधिमा सुदूरपश्चिम, कर्णाली, गण्डकी, वाग्मती प्रदशेका अधिकांश स्थानमा तथा प्रदेश नं १ को मध्य तथा पश्चिम पहाडी, हिमाली भूभागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना रहेको छ। त्यहाँ ३५ देखि ६५ प्रतिशत वर्षा हुने अनुमान छ ।

उच्च हिमाली क्षेत्रमा भने ५५ देखि ६५ प्रतिशत वर्षा (हिउँ) हुने आकलन गरिएको विभागको जलवायु विश्लेषण शाखा प्रमुख वरिष्ठ मौसमविद् डा इन्दिरा कँडेलले जानकारी दिइन् । त्यसैले अहिलेदेखि नै क्षति कम गर्नका लागि तयारी गर्नुपर्ने आवश्यकता औंल्याइएको छ । यसपालि कोभिड–१९ को समेत जोखिम बढ्दो क्रममा रहेकोले अझै मुलुक दोहोरो विपद्बाट गुज्रने अवस्था रहेको देखिन्छ ।

## युरोपेली सङ्घद्वारा २८ अर्बको सहायता परिचालन

काठमाडौं, ३० वैशाख/रासस

कोभिड–१९ विरुद्ध नेपालको लडाइँमा युरोपेली सङ्घ (इयु)ले रु २८ करोड २० बराबरको मानवीय सहायता परिचालन गरेको छ ।

महामारीविरुद्ध नेपालको सङ्घर्षमा ऐक्यबद्धता जनाउँदै इयुले कोरोनाविरुद्ध स्वास्थ्य उपकरण खरीद तथा आपूर्ति, आकस्मिक चिकित्सक टोली परिचालन, घरमैं आइसोलेशनमा रहेका बिरामी 'टेलिहेल्थ/टेलिमेडिसिन' बिरामीलाई कुन अस्पतालमा लैजाने भन्नेबारे तत्काल सल्लाह दिनेलगायत सेवाका लागि उक्त रकम परिचालन गरिएको ब्रसेल्सस्थित सङ्घको प्रधान कार्यालयले जनाएको छ ।

सहयोगस्वरूप प्राप्त रकमबाट अक्सिजन सिलिन्डर, अक्सिजन सङ्केन्द्रक, घरेलु उपचार सामग्री, व्यक्तिगत सुरक्षा उपकरण, 'एन्टिजेन' परीक्षण साधन खरीद एवं आपूर्ति गरिने छ ।

यसैगरी सङ्घको सदस्य राष्ट्र फिनल्यान्डले शल्यचिकित्सामा प्रयोग हुने २० लाखभन्दा बढी 'मास्क', तीन लाख ५० हजार एफएफ पिटू मास्क, ५२ हजार ५०० जोर पन्जा र ३० हजार थान एकान्तवास पोशाक नेपाललाई प्रदान गर्ने जनाइएको छ ।

### 'हाम्रो डक्टर एप्स'मार्फत कोरोना परामर्श सेवा

हाम्रो डक्टर अनलाइनले 'हाम्रो डक्टर मोबाइल एप्स'मार्फत निश्शुल्क कोभिड परामर्श सेवा शुरू गरेको छ । मोबाइल एप्समार्फत चिकित्सकसँग सशुल्क परामर्श सेवा सञ्चालन गरिरहेको सो अनलाइनले कोभिड अवधिभर प्रयोगकर्तालाई राहत दिने उद्देश्यले बुधवारदेखि निश्शुल्क सेवा शुरू गरेको हो ।

एप्सका प्रमुख कार्यकारी अधिकृत (सिइओ) उद्धवराज भेटुवालले गुगल र एप्पल स्टोरमा उपलब्ध मोबाइल एप्लिकेशनको परामर्श सेक्सनमा गएपछि आउने कोरोना कन्सल्टेशनमा प्रयोगकर्ताले विनाशुल्क चिकित्सकसँग परामर्श गर्न सक्ने बताए। "एकपटक शुरू गरेपछि एक हप्तासम्म प्रयोगकर्ताले चिकित्सकसँग परामर्श लिन, आफ्ना रिपोर्ट पठाउन र निगरानीमा रहन सक्नेछन्"– उनले भने ।

त्यस्तै हाम्रो डक्टरले इन्टरनेटको सुविधा नपुगेका ठाउँ र मानिसलाई लक्ष्य गरेर डाइरेक्ट हटलाइन सेवा पनि शुरू गरेको छ। चिकित्सकसँग कोरोनासम्बन्धी जानकारी र परामर्श लिनका लागि ९८०२३१५२२६, ९८०२३१५२२७ र ९८०२३१५२२८ नम्बरका तीनवटा हटलाइन नम्बर सार्वजनिक गरेको छ ।

उक्त नम्बरमा फोन गरेर डक्टरसँग परामर्श लिन सकिने सिइओ भेटुवालले बताए । सन् २०१६ देखि सञ्चालनमा आएको हाम्रो डक्टर एप्सबाट चिकित्सक, अस्पताल, एम्बुलेन्सलगायत सेवाग्राहीबारे जानकारी लिनुका साथै विशेषज्ञ चिकित्सकसँग अनलाइन परामर्श, अस्पतालको टिकट खरीद, हेल्थ प्याकेज खरीदलगायत सेवा लिन सकिन्छ ।

## भारतमा कोभिडबाट एकै दिन चार हजार बढीको मृत्यु

नयाँ दिल्ली, ३० वैशाख/एएनआई

भारतमा कोरोना भाइरस सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्यामा पछिल्ला केही दिनदेखि कमी आएको छैन ।

भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा चार हजार १२० जनाको मृत्यु भएको छ । योसहित भारतमा कोभिड–१९ को सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या २ लाख ५८ हजार ३१७ जनाको ज्यान गइसकेको छ ।

मन्त्रालयका अनुसार दैनिक कोभिड–१९ का सङ्क्रमितको सङ्ख्यामा भने केही कमी आएको छ। पछिल्लो चौबीस घण्टामा भारतमा तीन लाख ६२ हजार ७२७ जना नयाँ सङ्क्रमित थपिएका छन् भने तीन लाख ५२ हजार सङ्क्रमणमुक्त भएका छन् ।

भारतमा हालसम्म दुई करोड ३७ हजार व्यक्ति कोभिड–१९ बाट सङ्क्रमित भएका छन्, जसमध्ये एक करोड ९७ लाख ३४ हजार व्यक्ति सङ्क्रमणमुक्त भएका छन् । हाल भारतमा ३७ लाख १० हजार व्यक्ति सक्रिय सङ्क्रमित अवस्थामा छन् ।

भारतको राजधानी नयाँ दिल्ली, मुम्बईसमेत ठूला शहरमा कोरोना भाइरसबाट पीडित बिरामीको उपचारमा ठूलो सङ्कट उत्पन्न भएको छ । विभिन्न प्रमुख शहर एवं राज्यमा स्थानीय तहमा सरकारले पूर्ण लकडाउन, आंशिक लकडाउन, प्रतिबन्ध, कर्फ्यु जस्ता उपायहरू घोषणा गरे पनि केन्द्र सरकारले देशव्यापी लकडाउन गर्न अस्वीकार गरेको छ ।

सरकारले कोभिड–१९ विरुद्ध खोपलाई पनि तीव्र गतिमा अगाडि बढाएको छ । देशव्यापीरूपमा पर्याप्त खोप नभए पनि सरकारले १८ वर्षदेखि माथिका सबै नागरिकलाई खोप उपलब्ध गराउन शुरू गरेको छ ।

स्वास्थ्य मन्त्रालयका अनुसार देशभर हालसम्म १७ करोड ७२ लाख व्यक्तिले खोप लगाएका छन् । रासस

## पार्टीका सम्पूर्ण अधिकार अध्यक्ष ओलीलाई प्रत्यायोजित

काठमाडौं, ३० वैशाख/रासस

नेकपा (एमाले)ले प्रधानमन्त्री केपी शर्मा ओलीलाई पार्टी सम्बन्धमा आवश्यक निर्णय लिन अधिकार प्रत्यायोजन गरेको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा आज बसेको स्थायी कमिटी बैठकले पार्टीभित्र र राष्ट्रिय राजनीतिमा विकसित परिस्थितिका सन्दर्भमा आवश्यक निर्णय लिने अधिकार अध्यक्ष ओलीलाई प्रत्यायोजन गरेको पार्टी प्रवक्ता प्रदीपकुमार ज्ञवालीले विज्ञप्तिमार्फत जानकारी दिएका छन् ।

उनका अनुसार बैठकले नेता माधवकुमार नेपाल, भीमबहादुर रावल, घनश्याम भुसाल र सुरेन्द्रप्रसाद पाण्डेलाई गरिएको निलम्बन फुकुवा गर्ने निर्णय गरेको छ। पार्टीभित्र विकसित पछिल्ला घटनाक्रमको समीक्षा गर्दै विगतका सबै तीता कुरा बिर्सेर अगाडि बढ्न कारबाई फुकुवा गरिएको उनले बताए ।

पार्टीको बृहत्तर हितलाई ध्यानमा राखेर आवश्यक कदम चाल्ने र असन्तुष्ट पक्षसँग वार्ता गरिने उनले बताए। उनले भने–"आफ्नै नेतृत्वको सरकार ढालेर विपक्षको सरकार बनाउने कारक नबन्न सबैलाई आह्वान गरिएको छ ।

# परवानीपुर बजारमा निषेधाज्ञा छैन

प्रस, परवानीपुर, ३० वैशाख/

बारा र पर्सामा पर्ने परवानीपुर बजारमा निषेधाज्ञाको असर परेकै छैन।

वैशाख १६ गतेदेखि जिल्ला प्रशासन कार्यालय, पर्साले निषेधाज्ञा जारी गरेको र पछि बाराले वैशाख २३ गतेदेखि अनिश्चितकालका लागि निषेधाज्ञा जारी गरे पनि यहाँको बजार दुवै समय खुला रहँदै आएको छ। सडकदेखि पश्चिमको भाग बारा र पर्सामा पर्ने तर सडकदेखि पूर्वको भाग बारामा पर्ने भएकोले पर्साले लगाएको निषेधाज्ञामा बारातर्फ त खुल्यो नै, पर्साका बजारहरू पनि खुलेका थिए।

अहिले दुवैतर्फ निषेधाज्ञा छ र पनि दुवैतर्फको बजार बन्द भएको छैन। बाराले बिहान ११ बजेसम्म तरकारी, खाद्यान्न पसल खुला गर्न इजाजत दिएको छ भने पर्साले १० बजेसम्म मात्र पसल सञ्चालन गर्न इजाजत दिएको छ। परवानीपुरका बासिन्दाले प्रहरी मिलेमतोमा बजार सञ्चालन भइरहेको आरोप लगाएका छन्।

यो क्षेत्रमा पर्सा र बारा दुवैतर्फको प्रहरी गश्ती छ। तर दुवैतर्फका प्रहरीले बजार खुला भए पनि बन्द गराउँदैनन्। यहाँको बजार बिहानदेखि साँझसम्म निर्वाध खुला हुन्छ। बजारमा तरकारी र खाद्यान्न पसलहरू मात्र होइन, खाजा, नाश्ता र मदिरा पसल सञ्चालन हुँदा प्रहरी मिलेमतो रहेको आशङ्का गरिएको हो। बजारमा स्वास्थ्य तथा सुरक्षा मापदण्डको पनि पालना गरिएको छैन।

पर्साका प्रहरी उपरीक्षक बेलहादुर पाण्डेले यसबारे गुनासो आएको र तथ्य बुझ्ने बताए। आरोप सरहको काम भएको भए दोषी प्रहरीमाथि कारबाई हुने उनले आश्वासन दिए।



परवानीपुर बजार सञ्चालमा आएपछि बाजार र राजमार्ग क्षेत्रमा चहलपहल बढेको दृश्य। तस्वीर : प्रतीक

# अमेरिकी सिनेटमा नेपालको कोरोना असरबारे छलफल

वाशिंगटन डिसी, ३० वैशाख/रासस

अमेरिकी सिनेट अन्तर्गतको वैदेशिक मामिला समितिमा बुधवार नेपालमा कोरोना भाइरसले पारेको असरबारे छलफल भएको छ। कोभिड-१९ महामारी र अमेरिकाको अन्तर्राष्ट्रिय सरोकारबारे भएको सुनुवाइ कार्यक्रममा कनेक्टिकट राज्यबाट अमेरिकाको सिनेटमा प्रतिनिधित्व गर्ने सिनेटर क्रिस मुर्फेले नेपाल लक्षित भएर जिज्ञासा राखेका थिए।

उनले नेपालको करीब तीन करोड जनसङ्ख्या कोरोना भाइरसको मारमा परेको भन्दै युएसएआइडीले हालै गरेको सहयोगबारेसमेत चर्चा गरेका थिए। सिनेटर क्रिसले नेपालमा स्वास्थ्य सामग्रीको निर्यातमा भारतले बन्देज लगाएकोले अवस्था झन् नाजुक भएको भन्दै चिन्ता व्यक्त गरेका थिए।

कोभिड महामारीको लागि युएसएआइडीका लागि वरिष्ठ सल्लाहकार जेरेमी कोन्डयाकले नेपालको अवस्था भयावह भएको उल्लेख गर्दै परीक्षण गरिएका अधिकांशमा कोरोना सङ्क्रमण पाइएको बताए। यो दर उच्च भएको उनको टिप्पणी थियो। उनले नेपाललाई अतिरिक्त सहायताका लागि योजना बनाइरहेको पनि सिनेटलाई जानकारी दिए।

अमेरिकाका लागि नेपालका राजदूत डा युवराज खतिवडाले सिनेटमा नेपालको विषयले प्रवेश पाएकोमा खुशी व्यक्त गर्दै राससस‌ँग अहिले नेपाललाई स्वास्थ्य आपत्कालसँग जुध्न मित्रराष्ट्र अमेरिकाले सहयोग गर्नु विगतमा अन्य तरीकाको सहयोगभन्दा महत्त्वपूर्ण हुने बताए। उनले सम्बन्धित अमेरिकी निकायहरूलाई नेपालको महामारीको असरको पछिल्लो अवस्थाबारे जानकारी गराउँदै नेपाललाई विभिन्न तरिकाले सहयोगको खाँचो रहेको र त्यसका लागि अमेरिकी सरकारसँग दूतावासले अनुरोध गरिरहेको बताए।



अमेरिकी सिनेटको बैठक। तस्वीरः रायटर्स

अमेरिकाको मेरिल्यान्ड राज्यका लागि नेपाली मूलका पहिलो विधायक हर्‍यारी भण्डारीले अमेरिकी सरकारलाई सहयोग गर्न अपिल गर्दै राष्ट्रपति जो वाइडेनको प्रशासनलाई दबाब दिन हस्ताक्षर अभियान चलाएका छन्। उनले मेरिल्यान्डबाट प्रतिनिधित्व गर्ने सिनेटरहरू क्रिस भ्यान होलान र वेन कार्डेनको कार्यालयलाई समेत नेपालको पछिल्लो अवस्थाबारे जानकारी गराउँदै सहयोगको लागि सङ्घीय सरकारसँग अनुरोध गर्न पहलकदमी गरेको बताए। राससस‌ँग सङ्क्षिप्त प्रतिक्रिया दिंदै भण्डारीले भने–"सिनेटरहरूको पहलकदमीले हामीलाई उत्साहित बनाएको छ।"

अमेरिकाले नेपाललाई कोरोना भाइरससँग जुध्न स्वास्थ्य उपकरणहरू सहयोग गर्दै आएको छ। विगत एक वर्षको अन्तरालमा युएसआइडीले तीन करोड ६८ लाख अमेरिकी डलर सहयोग गरेको छ भने डिपार्टमेन्ट अफ डिफेन्समार्फत ३१ लाख अमेरिकी डलर बराबरको स्वास्थ्य सामग्री सहयोग प्रदान गरिसकेको छ।

अमेरिकामा २५ करोड जनसङ्ख्याले कोरोना भाइरसको खोप लगाइसकेको छ र खोपको उत्पादन तीव्रगतिमा हुँदै गएकाले कोभ्याक्समार्फत खोप केही साताभित्र नेपाल पुग्ने अपेक्षा गरिएको छ।

# मस्कटबाट ६०० अक्सिजन सिलिन्डर ल्याइने

काठमाडौं, ३० वैशाख/रासस

राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले ओमानको मस्कटबाट ६०० थान अक्सिजन सिलिन्डर ल्याउने भएको छ। गैरआवासीय नेपाली सङ्घको सहयोग र नेपाली दूतावास ओमानको सहकार्यमा सहयोगस्वरूप प्राप्त हुने अक्सिजन सिलिन्डर लिन निगमको वाइड बडी ए ३३० जहाज आगामी शनिवार मस्कट जाने तयारीमा रहेको जनाइएको छ।

निगमका महाप्रबन्धक डिमप्रकाश पौडेलले शनिवार मस्कटबाट अक्सिजन सिलिन्डर ल्याइने र सोही दिन साँझ चीनको बेइजिङमा सङ्कलित करीब ४०० थान अक्सिजन कन्सन्ट्रेटर ४०० थान सिलिन्डर र अन्य स्वास्थ्य सामग्री ल्याउने तयारी गरिएको जानकारी दिए। उनका अनुसार सिलिन्डरका अलावा चीनबाटै आठ अक्सिजन जेनेरेटर पनि ल्याउने तयारी भइरहेको छ। सो प्रयोजनका निम्ति निगमको जहाज बेइजिङ पठाइने छ।

एनआरएनएका अध्यक्ष कुमार पन्तले बुधवार सामाजिक सञ्जालमा पोस्ट गर्दै नेपालमा कोरोना बिरामीलाई अक्सिजन पुऱ्याउन कठिन भएका बेला संस्थाले चीनबाट १०० अक्सिजन कन्सन्ट्रेटर र ओमानबाट ५५० सिलिन्डर शनिवारसम्म काठमाडौं पुऱ्याउने प्रयासमा रहेको जनाएका छन्।



तस्वीरः सौजन्य

ओमानपछि हरेक दिन ५५० थान सिलिन्डर उत्पादन हुने भएकोले प्रतिदिन नै वाइड बडी ए ३३० जहाज बेइजिङ पठाइने उनले बताए। निगमले अन्यत्र उपलब्ध हुन सक्ने सामान ल्याउन निगमका सबै जहाज तयारी अवस्थामा राखिएको जनाएको छ। नेपाल सरकारका सम्बद्ध सबै निकायको सक्रियतामा आगामी १०-१२ दिनमा अक्सिजनको समस्या समाधान हुने निगमले विश्वास लिएको छ।

निगमको वाइड बडी जहाजले यस अघि यही वैशाख २८ गते चीन सरकारले अनुदानमा दिएको ४०० थान अक्सिजन सिलिन्डर, १० थान भेन्टिलेटरसहितका स्वास्थ्य सामग्री काठमाडौं ल्याएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको आग्रह र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग समन्वय गरेर चीनबाट अक्सिजन सिलिन्डरसहित स्वास्थ्य सामग्री ल्याइएको हो।




# 'भेरोसेल'को दोस्रो मात्रा जेठ २ देखि

काठमाडौं, ३० वैशाख/रासस

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिड-१९ विरुद्ध 'भेरोसेल'को खोपको दोस्रो मात्रा जेठ २ गतेदेखि लगाउने भएको छ। जिल्ला स्वास्थ्य कार्यालय, काठमाडौंले सूचना प्रकाशन गरी पहिलो खोपको मात्रा लगाएका १८ देखि ५९ वर्ष उमेर समूहलाई जेठ ११ गतेसम्म दोस्रो मात्राको खोप लगाइने जनाएको छ।

कार्यालय प्रमुख जनस्वास्थ्य प्रशासक बुद्धिबहादुर खड्काले आफूलाई पायकपर्ने खोप केन्द्रमा गई खोप लगाउन सबैमा अनुरोध गरेका छन्। चैत २५ देखि २८ गतेसम्म लगाएकाले जेठ २, चैत २९ र ३० गते लगाएकाले जेठ ३, चैत ३१ र वैशाख २ गते लगाएकाले जेठ ४, वैशाख ३ र ४ गते लगाएकाले जेठ ५ तथा वैशाख ५ र ६ गते लगाएकाले जेठ ६ गते दोस्रो मात्राको खोप लगाउन भनिएको छ।



तस्वीरः फाइल

यस्तै वैशाख ७ देखि १० गतेसम्म लगाएकाले जेठ ७, वैशाख ११ र १२ गते लगाएकाले जेठ ८, वैशाख १३ गते लगाएकाले जेठ ९, वैशाख १४ गते लगाएकाले जेठ १० र वैशाख १५ गते लगाएकालाई जेठ ११ गते खोप लगाउन अनुरोध गरिएको छ। 'भेरोसेल' खोपको पहिलो मात्रा गत चैत २५ देखि वैशाख १५ गतेसम्म लगाइएको थियो।

# बिरामी भर्ना नलिने भनाइप्रति प्रशासनको ध्यानाकर्षण

काठमाडौं, ३० वैशाख/रासस

काठमाडौं प्रशासनले कोभिड-१९ सङ्क्रमण तीव्र फैलिरहेको अवस्थामा सबै पक्ष जिम्मेवार भएर अघि बढ्नुपर्ने भन्दै ध्यानाकर्षण गराएको छ।

विभिन्न अस्पतालले अक्सिजन अभावको कारण देखाई बिरामीलाई अस्पतालमा भर्ना गर्न नसकिने तथा भर्ना भएका बिरामीलाई समेत उपचार गर्न नसकिने भन्दै सार्वजनिक सूचना जारी गरिरहेकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै प्रशासनले स्वास्थ्य संवेदनशीलतामा ध्यान दिन आग्रह गरेको छ।

वर्तमान परिस्थितिमा सङ्क्रमण नियन्त्रणका लागि अस्पताल, औषधि तथा अक्सिजनको व्यवस्थापनमा सबै पक्ष क्रियाशील भइरहेको जानकारी गराउँदै अक्सिजनको अभाव पूर्ति गर्न सबै पक्षबाट भइरहेको प्रयासलाई नजरअन्दाज गर्दै सार्वजनिक सूचनाका नाममा सर्वसाधारण जनतामा त्रास फैलाउने कार्य नगर्न पनि प्रशासनले अनुरोध गरेको छ।

यस्ता गतिविधिले आम नागरिकमा समेत असर पर्ने हुँदा यस्तो संवेदनशील अवस्थामा सबै पक्ष जिमेवार भई कोभिड-१९ सङ्क्रमण नियन्त्रणमा प्रभावकारी भूमिका निर्वाह गर्न जोड दिइएको छ। "यस्तो अवस्थामा मानवीय संवेदनशीलता बुझी आआफ्नो पक्षबाट सकारात्मक भूमिका निर्वाह गर्नसमेत सार्वजनिक ध्यानाकर्षण गरिएको छ"– प्रशासन कार्यालयद्वारा बुधवार राति जारी विज्ञप्तिमा उल्लेख छ।

**स्वास्थ्य नै ठूलो धन हो।**

कोभिड-१९ को सङ्क्रमणबाट आफू बचौं र अरूलाई पनि बचाऔं, अत्यावश्यकीय सेवा प्रवाह गर्दा निम्न कुरामा ध्यान दिऔं।

- अनिवार्यरूपमा मास्क लगाऔं, सेवाग्राहीलाई अनिवार्यरूपमा मास्क लगाउन सुसूचित गरौं।
- सेवा प्रवाहमा भौतिक दूरी कायम गरौं।
- साबुन पानीले मिचीमिची हात धुने गरौं वा सेनिटाइजरको प्रयोग गरौं।
- कुनै पनि स्वास्थ्य समस्या भएमा नजीकैको स्वास्थ्य संस्थामा तुरून्त सम्पर्क गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग